नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## योजना तथा विकास सहायता समन्वय महाशाखा
(बजेट तथा कार्यक्रम शाखा)

☎४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

प.सं : यो.व.का. ०७९/८०
च.नं. : ३६

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

मिति: २०७९/०५/०८

विषय: "एक गा.वि.स. एक कृषि तथा पशुसेवा प्राविधिक" को सेवा निरन्तरता सम्बन्धमा ।

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सङ्घीय मामिला महाशाखा, स्थानीय तह समन्वय शाखा,
सिंहदरवार, काठमाण्डौं ।

आर्थिक वर्ष २०७२/७३ को "एक गा.वि.स. एक कृषि तथा पशुसेवा प्राविधिक" कार्यक्रम अनुसार "एक गाँउ एक कृषि प्राविधिक व्यवस्थापन कार्यविधि २०७३" तथा "एक गाँउ एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधि २०७३" अनुसार साविकको गाँउ विकास समितिमा रा.प.अन.द्वितिय श्रेणीमा प्राविधिक सहायक पदमा करारमा नियुक्त भई, राज्य पुर्नसंरचनासँगै साविकका गा.वि.स. हरु हालको जुन स्थानीय तहमा पर्दछ सोही स्थानीय तहमा काम काज गर्ने गरी व्यवस्थापन भएपश्चात, हाल ६६४ स्थानीय तहमा कृषि तथा पशुसेवा तर्फ गरी करिव २५५० जना प्राविधिकहरु कार्यरत रहेको। साविक जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला पशु सेवा कार्यालयबाट नियुक्त भई सेवा निरन्तरता गरिरहेका प्राविधिकहरुको पारीश्रकीकको आधा बजेट स्थानीय तह र आधा बजेट कृषि तथा पशुपन्छी विकास मन्त्रालयले व्यवस्थापन गर्ने नेपाल सरकार (सचिवस्तर) गिति २०७७/०२/२० को निर्णयअनुसार, आ.व.२०७८/७९ को लागी ६ महिनाको तलव र चाडपर्व खर्चका लागि बजेट स्थानीय तहहरुमा प्रविष्ट गरीएको र आ.व.२०७९/८० मा पनि सोहि अनुसार ६ महिनाको तलव र चाडपर्व खर्चका लागि बजेट स्थानीय तहहरुमा प्रविष्ट गरीएको ।

यसै सन्दर्भमा, मिति २०७९/८० सुरु भएपश्चात केहि स्थानीय तहहरुवाट, एक गा.वि.स. एक कृषि तथा पशुसेवा प्राविधिकहरुको करार अवधिको म्याद थप नगरीएको भन्ने लिखित र मौखिक गुनासोहरु र आवश्यक सहजिकरणका लागि विभिन्न स्थानीय तहका प्राविधिकहरुबाट निवेदनहरु प्रास भईरहेकोले, "एक गाँउ एक कृषि प्राविधिक व्यवस्थापन कार्यविधि २०७३" तथा "एक गाँउ एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधि २०७३" अनुसार लोक सेवा आयोगसँगको समन्वयमा सम्बन्धित स्थानीय तह (साविकका गा.वि.स) मा आ.व. २०७२/७३ देखि करार सेवामा नियुक्त भई निरन्तर प्राविधिक सेवा पुर्याईरहेका प्राविधिकहरुको निरन्तरताबाट संस्थागत स्मरण प्रवर्द्धन तथा स्थानीय तहको प्राविधिक सेवा प्रवाहमा प्रभावकारिता रहने भएकाले सम्बन्धीत प्राविधिकहरुको कार्यसम्पादनका आधारमा चालु आ.व. २०७९/८० मा सेवा निरन्तरताका लागि मिति २०७९/०५/०७ को मन्त्रालयको (मा.मन्त्रीस्तर) निर्णयानुसार स्थानीय तहहरुमा जानकारीका लागि पत्राचार गरिदिनुहुन अनुरोध छ ।

०५/०८

सन्तोष भण्डारी
कृषि प्रसार अधिकृत